

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस् !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २३९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ भदौ २४ गते सोमबार ❑ 9 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## मुग्लिन-पोखरा सडक छिटो बनाउन मुख्यमन्त्रीको निर्देशन


पोखरापत्र संवाददाता

पोखरा, २३ भदौं


गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले निर्माणधिन मुग्लिन-पोखरा सडकको काम छिटो गर्न सरोकारावालालाई निर्देशन दिनुभएको छ ।

मुख्यमन्त्रीको कार्यालयमा आइतबार आयोजित सरोकारवासँगको छलफलमा मुख्यमन्त्री पाण्डेले मुग्लिन-पोखरा सडक विस्तार र स्तरोन्नतिको काम सुस्त भएको भन्दै सहज रूपमा आवतजावत गर्ने गरी छिटो काम गर्न निर्देशन दिनुभएको हो ।



छलफलमा पोखरा महानगरपालिकाका प्रमुख, गण्डकी प्रदेशका प्रमुख सचिव, शुक्लागण्डकी नगरपालिकाका प्रमुख, कास्की र तनहुँका प्रमुख जिल्ला अधिकारी, सडक योजनाका प्रमुख, विद्युत प्राधिकरणका इकाई प्रमुख लगायतको उपस्थिति थियो । पुर्वीखण्डमा अहिले केही सहज भए पनि पश्चिम खण्डमा काम ढिलो हुँदा सर्वसाधारणले सास्ती पाएको र कुनै समस्या भए सरकारले सहजीकरण गर्ने उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले कामको गति छिटो बनाउन निर्देशन दिनुभयो । निर्माणाधि सडकको पूर्वीखण्डमा ६४ प्रतिशत काम सकिएको छ भने पश्चिम खण्डमा ३० प्रतिशत मात्रै काम भएको छ । सरोकारवालाको छलफलले दोहोर कर हटाएर प्रदेश सरकारले निर्धारण गरेको रोयल्टी रकम नघट्ने गरी निर्माण सामग्रीमा कानुन बमोजिम एकमुष्ट रोयल्टी लिने निर्णय गरेको छ । अहिले स्थानीय तहपिच्छे रोयल्टी, करको दर फरक/फरक हुँदा काममा समस्या भएको गुनासो निर्माण कम्पनीको थियो । सडक क्षेत्रमा पर्ने बिजुलीका पोल विद्युत प्राधिकरणले तत्काल स्थानान्तरण गर्ने, चाडपर्वको समय नजिकिएकाले सडक क्षेत्रमा खाल्टाखुल्टी पुरेर आयोजना कार्यालयले सवारी आवतजावत सहज बनाउने निणर्य बैठकले गरेको छ । पोखरा अन्तराष्ट्रिय विमानस्थलको प्रवेशद्वारदेखि सेती नदीको पुलसम्म बिजुली तार भूमिगत गर्ने कार्य तत्काल गरी दुई लेन सडक निर्माण गर्ने, निर्माण सामग्रीका बारेमा संम्बन्धित पालिकाले स्रोत जान्न पाउने लगायत पाँचवटा निर्णय भएको जनाइएको छ । छलफलमा निर्माण कम्पनीले अवको १५ महिनाभित्र काम सक्ने लक्ष्य लिएको जानकारी दिएको छ । सडक विस्तार र निर्माणको काम छिटो गर्न आयोजना कार्यालय, निर्माण कम्पनीलाई काममा सहजिकरण गर्ने गरी विभिन्न पाँच वटा निर्णयसमेत गरिएको छ । स्थानीय उत्पादन तथा निर्माण सामग्रीको लागि प्रदेश सरकारले निर्धारण गरेको रोयल्टी वापतको शुल्क रकम सङ्कलन गर्ने क्रममा सम्बन्धित स्थानीय तहले फरक शीर्षकमा थप शुल्क रकम नलाग्ने गरी एकमुष्ट रूपमा प्रचलित कानुन बमोजिम रोयल्टी वापतको शुल्क रकम सङ्कलन गर्ने व्यवस्था मिलाउने बैठकले निर्णय गरेको छ ।

निर्माण सामग्री प्रशोधनका लागि निर्माण गरिएको प्लान्टमा सङ्कलन हुने निर्माण सामग्रीको सम्बन्धमा सम्बन्धित पालिकाले स्रोत बुझ्न चाहेको बखत उक्त सामग्रीको स्रोत सम्बन्धित पक्षले प्रमाणित गर्नुपर्ने, सडक निर्माणकार्यमा बाधा उत्पन्न नहुने गरी समयमा कार्य सम्पन्न गर्न सहजीकरण गर्न नेपाल विद्युत प्राधिकरणको तर्फबाट बिजुली पोल स्थानान्तरण गर्ने निर्णय गरिएको छ ।

त्यस्तै चाडपर्व तथा


बाँकी अन्तिम पृष्ठमा ▶▶


## गण्डकीका मन्त्री थापाद्वारा सय दिने उपलब्धी सार्वजनिक


पोखरापत्र संवाददाता

पोखरा, २३ भदौं


गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले आफ्नो १०० दिनको उपलब्धी सार्वजनिक गरेका छन् ।



२०८१ जेठ १६ गते सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको जिम्मेवारी सम्हालिसकेपछि १०० दिनमा आफुले गरेका महत्वपूर्ण कामका उपलब्धीहरु सार्वजनिक गरेका हुन् । उनको सय दिन २०८१ भदौ २० गते पुगेको हो । सय दिनमा सामाजिक विकास तर्फ र ९६ दिनमा स्वास्थ्य तर्फ भएका कामको फेहरिस्त आइतबार मन्त्रालयमा पत्रकार सम्मेलनको आयोजना गर्दै मन्त्री थापाले सुनाए ।

प्राविधिक तथा व्यवसायिक शिक्षा संचालन अन्तर्गत प्रदेशका २५ वटा विद्यालयहरुमा सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रम संचालन गरी विद्यार्थीलाई दक्ष बनाउने बाटोमा प्रदेश सरकार लागेको उनले उल्लेख गरे । फ्राइडे फर फियुचर कार्यक्रम मार्फत बालबालिकालाई संस्कार सिकाउने शिक्षाको समेत प्रदेश सरकारले निर्देशिका तयार गरेको उनले बताए । शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयमा कार्यरत शिक्षकहरुलाई पेशागत तालिम उपलब्ध गराइएको उनले उल्लेख गरे । मन्त्री थापाले लोपोन्मुख अवस्थामा रहेका संस्कृतिहरुको संरक्षणका लागि गण्डकी प्रज्ञा प्रतिष्ठानलाई क्रियाशिल बनाई महत्वपूर्ण काम गरिरहेको बताए । मनकामना क्षेत्रको संचालन, संरक्षण, विकास एवम् प्रवर्द्धनका लागि मनकामना क्षेत्र विकास समिति गठन आदेश तयार गरिएको जानकारी उनले गराए ।

श्रम तथा रोजगार तर्फ वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउन काम भएको उनले बताए । व्यवसाय गर्न चाहेका व्यक्तिहरुलाई नयाँ सिपमुलक क्षेत्रको पहिचान गरि स्वरोजगार बनाउन कार्यक्रम तय गरिएको बताए । "गण्डकी प्रदेशमा खेलकुदको गतिविधिलाई प्रभावकारी बनाउन महत्वपूर्ण काम भएका छन् । खेलाडी कल्याण कोषको स्थापना र संचालन सम्बन्धी कार्यविधि बनाई अगाडि बढिएको छ ।", उनले भने ।

सामाजिक सेवा, कृषि, नवप्रवर्तन, नेतृत्व विकास लगायतका क्षेत्रमा योगदान गरेका युवालाई क्रियाशिल बनाउन काम गरिएको उनले बताए । खेलकुदका विभिन्न संघसंस्थासँग समन्वय गर्दै आवश्यक कार्यक्रमलाई अगाडि बढाउने काम भएको मन्त्री थापाको भनाई छ । द्वन्द्वपीडित बेपत्ता, घाईते, अपाङ्ग, शहिद परिवार र विपन्न महिलाहरुको उद्यम, व्यवसाय तथा रोजगारी प्रवर्द्धनमूलक कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिएको उनले बताए । न्यून आय भएका, श्रम गर्न नसक्ने अशक्त र असहाय, एकल महिला, अपाङ्गता भएका व्यक्ति,


बाँकी अन्तिम पृष्ठमा ▶▶


## गरिबीका छोराछोरीले स्कुलमा सहयोग गर्न माग


पोखरापत्र संवाददाता

पोखरा, २३ भदौं


पोखरा महानगरपालिका वडा नं.२३ कुद्वी डाँडा स्थित श्री हर्पनकोट माध्यमिक विद्यालयको शैक्षिक अवस्था बारे छलफल तथा अन्तरक्रिया गरिएको छ ।



पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यको विशेष उपस्थितिमा विद्यालयको पछिल्लो शैक्षिक अवस्था र सुधारका पक्षहरू बारे छलफल तथा अन्तरक्रिया गरिएको हो । सो क्रममा नगर प्रमुख आचार्यले ग्रामीण क्षेत्रमा रहेको उक्त विद्यालयको शैक्षिक अवस्था प्रति सन्तोष व्यक्त गर्दै थप सुधारका लागि आवश्यक पहल गरिने बताउनुभयो । ग्रामीण क्षेत्रमा रहेका अधिकांश विद्यालयहरूको प्रमुख समस्याका रूपमा विद्यार्थीहरूको न्यून संख्या रहेको उल्लेख गर्दै उहाँले विद्यालयहरूलाई सुविधा सम्पन्न र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सके विद्यार्थीहरूको पलायन रोक्न सकिने धारणा राख्नुभयो । 'महानगरपालिकाले बर्सेनि ठुलो रकम शिक्षा क्षेत्रमा खर्च गर्दै आइरहेको छ, तर पनि ग्रामीण क्षेत्रका हाम्रा विद्यालयहरू खाली भइरहेका छन्, प्रमुख आचार्यले भन्नुभयो, यसले हाम्रा सामुदायिक विद्यालयहरूमा समस्या छ भन्ने कुरा इङ्गित गर्दछ, यसको समाधानका लागि हाम्रा विद्यालयहरूलाई सबै हिसाबले सुविधायुक्त बनाउँदै गुणस्तर वृद्धि गर्नुको विकल्प छैन ।' उहाँले महानगरपालिका मातहतका शैक्षिक संस्थाहरूलाई यस तर्फ ध्यान केन्द्रित गर्न शिक्षा अधिकारीहरू मार्फत निर्देशन दिनुभयो ।

स्थानीय समाजसेवी एवं पूर्व राज्यमन्त्री महादेव गुरुङले ग्रामीण क्षेत्रमा शिक्षाको अवस्था नाजुक रहेको भन्दै त्यसको सुधारका लागि तत्काल आवश्यक कदम चाल्न सुझाव दिनुभयो । गाउँ गाउँमा रहेका विद्यालयहरू खाली हुँदै गएको प्रति गहिरो चिन्ता व्यक्त गर्दै उहाँले आवश्यक पूर्वाधार, जनशक्ति र प्रविधिको उचित प्रबन्ध गरिदिन अनुरोध गर्नुभयो । श्री हर्पनकोट माध्यमिक विद्यालयका प्रध्यानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लगायतले गाउँका वस्तिहरू खाली हुँदै जाँदा विद्यालयका अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या कम हुँदै गएको बताए । सहर केन्द्रित सुविधाहरूको विकेन्द्रीकरणका उनीहरूले जोड दिए । कार्यक्रममा पोखरा महानगरपालिका वडा नं.२३ का वडा अध्यक्ष रामकाजी गुरुङ, पोखरा १७ की वडा अध्यक्ष राधिका कुमारी शाही योगी र पोखरा २२ का अध्यक्ष हिमलाल बराल लगायतको उपस्थिति रहेको थियो । २०३८ सालमा स्थापना भएको उक्त विद्यालयका बाल शिक्षा देखि कक्षा १० सम्म करिब ६० जना विद्यार्थीहरूले अध्ययन गरिरहेका छन् । उनीहरू अधिकांश गरिब तथा विपन्न परिवारका बालबालिकाहरू रहेका विद्यालयले जनाएको छ । हाल विद्यालयमा मा.वि ४, निमावि ३ र प्रावि ४ गरी ११ जनाको दरबन्दी रहेको छ भने एक जना लेखापाल निजी स्रोतबाट राखिएको छ ।

हर्पनकोट मावि व्यवस्थापन समितिका अध्यक्ष हेमन गुरुङ,प्रअ शिव परियार, पुर्व प्रअ मीन बहादुर गुरुङ विद्यालयको भौतिक र शैक्षिक अवस्थाका बारेमा जानकारी गराउँदै सबै क्षेत्रबाट सहयोगको अपेक्षा गरेका छन। साक्षरता दिवसको अबसरमा गरिबका छोराछोरीले अध्ययन गर्ने विद्यालयको तह नघटाउन र शैक्षिक गुणस्तर बृद्धीका लागि शिक्षक, अभिभावक र शिक्षा महाशाखाको सहयोग हुनुपर्ने बिचार राखेका थिए ।

### भू-क्षय न्यूनीकरणका उपाय

- वस्तीको माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं,
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं,
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं,
- जमिन चिरा परेको स्थानलाई पुरौं र सजगता अपनाऔं,
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं,
- जथाभावी डोजर / स्काभेटर प्रयोग नगरौं,
- विकास गर्दा विनास ननिम्त्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# कास्की जिल्ला टेनिस संघको अध्यक्षमा राजकुमार गुरुङ सर्वसम्मत

पोखरापत्र संवाददाता
पोखरा, २३ भदौं

कास्की जिल्ला टेनिस संघको अध्यक्षमा राजकुमार गुरुङ सर्वसम्मत चयन हुनुभएको छ । संघको पोखरामा सम्पन्न दशौँ वार्षिक साधारण सभा तथा पाँचौं अधिवेशनले उहाँको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो ।

समितिको प्रथम उपाध्यक्षमा नविन चालिसे, द्वितीय उपाध्यक्षमा नवीन श्रेष्ठ, सचिवमा भीष्मराज पौडेल तथा कोषाध्यक्षमा विष्णुबहादुर थापा निर्विरोध चयन हुनुभयो । समितिको सदस्यहरूमा धरमबहादुर लामिछाने, प्रदीप खड्का, प्रकासराज वाग्ले र माधव भण्डारी चयन हुनुभएको छ ।

नवनिर्वाचित पदाधिकारीहरूलाई गण्डकी प्रदेशका पूर्वमन्त्री समेत रहेका



सांसद राजिव गुरुङले खादामाला अबिर लगाई प्रमाणपत्र वितरण गर्नुभयो । सो अवसरमा बोल्दै गण्डकी प्रदेश खेलकुद परिषदका उपाध्यक्ष ध्वजकुमार गुरुङले राजिव गुरुङ खेलकुद मन्त्री हुँदा उहाँको कार्यकालमा प्रदेशले खेल क्षेत्रमा उल्लेख्य सफलता हासिल गरेको बताउनुभयो । गण्डकी प्रदेश टेनिस संघका अध्यक्ष विनोद कायस्थले पोखरामा टेनिस खेलको सुरुवाती दिन स्मरण गर्दै खेलाडी तथा टेनिस प्रेमीहरूको एकता र सहकार्यलेनै टेनिस खेलले यति धेरै प्रगती गर्न सकेको बताउनुभयो । कास्की जिल्ला खेलकुद विकास समितिका कार्यवाहक अध्यक्ष केशवबहादुर थापाले गतिविधिका दृष्टिकोणले टेनिस संघ कास्कीको गतिशिल संघ भएको उल्लेख गर्नुभयो । संघका सल्लाहकार गोपीबहादुर भट्टराईले नवनिर्वाचित समितिलाई शुभकामना व्यक्त गर्दै यो समितिले टेनिस गतिविधिलाई थप उचाइमा पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । अधिवक्ता विष्णुप्रसाद अधिकारीको संयोजकत्वमा दोर्जे लामा गोपी भट्टराई र केशव पाठक सदस्य रहेको निर्वाचन समितिले निर्वाचन प्रक्रिया सम्पन्न गरेको हो ।

यसअघि समितिका निवर्तमान अध्यक्ष लोक गुरुङको अध्यक्षतामा भएको उद्घाटन समारोहमा बोल्दै अध्यक्ष गुरुङले आफ्नो कार्यकाल सफल पार्न सहयोग गर्ने विभिन्न सहयोगीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो । साथै उहाँले पोखरामा टेनिस विकासको गति अब नरोकिने दाबी गनुभयो ।

कोषाध्यक्ष अनुज कुमार बाँस्तोलाले आर्थिक प्रतिवेदन पेश गर्दै टेनिसका विभिन्न गतिविधिहरू सञ्चालन गर्नका लागि आर्थिक रुपमा सहयोग गर्ने संघ संस्था तथा टेनिसका शुभचिन्तकहरूप्रति कृतज्ञता जाहेर गरेका गर्नुभयो । सचिव नवीन श्रेष्ठले सञ्चालन तथा कार्यप्रतिवेदन पेश गरेको कार्यक्रममा उपाध्यक्ष नवीन चालिसेले स्वागत मन्तव्य राखेका थिए ।

# एसओएसका कीर्तन लामिछाने प्रवेश परीक्षामा नेपाल टप

पोखरापत्र संवाददाता
पोखरा, २३ भदौं

पोखराको रामबजारस्थित एसओएस हर्मन माइनर स्कुल गण्डकीका विद्यार्थी कीर्तन लामिछानेले इन्जिनियरिङतर्फको प्रवेश परीक्षामा नेपाल टप गरेका छन् ।

त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थानद्वारा लिइएको प्रवेश परीक्षामा सहभागी साढे ६ हजारभन्दा बढी विद्यार्थीहरूलाई पछि पार्दै लामिछानेले नेपाल टप गरेको एसओएस गण्डकीका प्राचार्य चूडामणि सुवेदीले जानकारी दिए । कक्षा ११ र १२ मा अध्ययन गर्दा विभिन्न विषयसम्बद्ध आधारभूत धारणामा प्रस्ट हुँदै ती विषयमा छिटो र गहिरो तरिकाले सोच्ने बानीको विकास गरेमा सफलता हासिल गर्न सहज हुने छात्र कीर्तन लामिछानेले बताए । 'कस्ता प्रकृतिका प्रश्नहरू कुन ढाँचामा कसरी सोधिन्छ भन्ने बारेमा पहिल्यै स्पष्ट भएर अहोरात्र तयारीमा लागेकै कारण मैले यो सफलता हासिल गरेको हुँ ।' इन्जिनियरिङ क्षेत्रमै आफ्नो भविष्यको सुन्दर रेखाचित्र कोर्ने सपना देखेका यी मेधावी छात्रले भने, 'मलाई प्राप्त यो सफलताको प्रमुख श्रेय म कक्षा ११ र १२ मा अध्यापन गराउने मेरा गुरु र साथीहरूलाई दिन चाहन्छु ।'

कीर्तन लामिछानेका अतिरिक्त इन्जिनियरिङ अध्ययन संस्थानको प्रवेश परीक्षामा देशभरिबाट नाम निकाल्ने उत्कृष्ट दुई हजार परीक्षार्थीभित्र एसओएस गण्डकीबाट मात्रै ३० जना विद्यार्थीहरू परेका



विद्यालयका सहप्राचार्य प्रभास पौडेलले जानकारी दिए ।

सहप्राचार्य पौडेलका आनुसार एसओएस गण्डकीबाट पवन अधिकारी (९८), सौगात भट्टराई (२०७), सञ्चित बराल (२७६), रोहन सुवेदी (२७९), विक्रम शर्मा (२८४), प्रशान्त रेग्मी (३४१), प्रसिद्ध अधिकारी (३५८), प्रभात ढकाल (४३६), सरुन विश्वकर्मा (४५२), विश्वास थापा (४५८), सहारा गुरुङ (५५८), किस्मत अर्याल (५७२), आयुमान् बाँस्तोला (६४४), सम्पदा बराल (७५६), सञ्जय अधिकारी (७६६) ले नाम निकाल्न सफल भएका छन् । त्यस्तै सुशान्त शर्मा तिमिल्सिना (९०२), सुन्दर कार्की (९११), सदीक्षा रेग्मी (९४१), आयुष्ठा मरासिनी (१०३६), सुशान्त गुरुङ (११५८), दीक्षित रेग्मी (११७७), समीप रेग्मी (१२२५), आदित्य अर्याल (१२९८), स्वस्तिका आत्रेय (१३७३), सुसन पुन (१४०४), प्रशंसा थपलिया (१४१५), अभिषेक भण्डारी (१७४२), नितिशा बस्ताकोटी (१९३०) र साजन पौडेल (१९४४) पनि प्रवेश परीक्षामा नाम निकाल्न सफल भएको र चिकित्साशास्त्र तथा इन्जिनियरिङ तर्फका प्रवेश परीक्षामा पोखरामा मात्रै नभएर एसओएस गण्डकीले देशभरिमै सर्वोत्कृष्टता हासिल गरेको सहप्राचार्य पौडेलले दाबी गरे । चिकित्सा शास्त्रतर्फ स्नातक तहको एकीकृत प्रवेश परीक्षामा एसओएस गण्डकीबाट १३ जना विद्यार्थीले नाम निकालेर अर्को नयाँ इतिहास रच्न सफल भएको विद्यालयका १०+२ संयोजक खगेन्द्रराज बरालले जानकारी दिए । तीमध्ये छात्र सुयोग कोइरालाले पूर्ण सरकारी छात्रवृत्तिमा दन्त चिकित्साशास्त्रतर्फ स्नातक अध्ययन गर्ने अवसर प्राप्त गरेको बरालले बताए । एसओएस गण्डकीबाट यस वर्षको एसइई परीक्षामा सचेत सुवेदीले ४ जिपिए प्राप्त गरेका थिए ।

त्यस्तै कक्षा १२ तर्फको बोर्ड परीक्षामा यसै वर्ष कुशल तिवारीले ३.९६ जिपिएसहित नेपाल टप गरे । पोखराका विभिन्न विद्यालयबाट एसईईमा ४ जिपिए प्राप्त गर्ने सर्वोत्कृष्ट विद्यार्थीहरू पनि हाल एसओएस गण्डकीमै अध्ययनरत रहेको र कक्षा ११ को प्रवेश परीक्षामा पोखराका ३ ओटा सर्वोत्कृष्ट विद्यालय टप गरेका एरिज पोखरेलले पनि यही विद्यालय छनोट गरेका विद्यालयका सहप्राचार्य वीरसिंह बूढाले जानकारी दिए । सार्वजनिक शैक्षिक गुठीअन्तर्गत सञ्चालित एसओएसगण्डकीअनाथ, असहाय र परित्यक्त बालबालिकाका अतिरिक्त समुदायका अन्य बालबालिकाहरूलाई समेत शैक्षिक सेवा प्रदान गर्दै आइरहेको उत्कृष्ट शैक्षिक संस्था हो ।

# पोखरा आसपासमा गिद्धको सङ्ख्या २२ प्रतिशतले बढ्यो

पोखरापत्र संवाददाता
पोखरा, २३ भदौं

गत वर्षको तुलनामा पोखरा आसपासका क्षेत्रमा गिद्धको सङ्ख्या २२ प्रतिशतले बढेको छ । अन्तर्राष्ट्रिय गिद्ध संरक्षण दिवसका अवसरमा गरिएको गणनामा गिद्धको सङ्ख्या २२ प्रतिशतले बढेको पाइएको हो ।

पोखरा पन्छी समाजका अध्यक्ष मनशान्त घिमिरेका अनुसार यहाँस्थित पन्छी समाजले हरेक वर्ष जस्तै यस वर्ष पनि पोखरा आसपासका क्षेत्रमा गिद्धको गणना गरेको थियो । सन् २०२३ मा तीन सय ८७ गिद्ध अध्यावधिक गरीएकामा यस वर्ष यो सङ्ख्या बढेर चार सय ७१ पुगेको उहाँले जानकारी दिनुभयो । अध्ययनका क्रममा तनहुँ क्षेत्रमा पनि गिद्धको सङ्ख्या बढेको



उहाँले बताउनुभयो ।

कास्कीको घाचोक, बाच्छेबुडुवा, पुम्दी-भुम्दी, विजयपुर खोला करिडोर, लामेआहाल तथा तनहुँको गाछेपानी, सिशुवा/भतेरी र दमौली ल्याण्डफिलसाइट एकैपटक आठ स्थानबाट छुट्टाछुट्टै टोलीले गणना गरेको घिमिरेले जानकारी दिनुभयो । सङ्कटापन्न गिद्धको सूचीमा रहेको सेतो गिद्ध सबैभन्दा धेरै बढेको देखिएको छ भने अति-सङ्कटापन्न सूचीमा रहेको सुन गिद्ध, सानो खैरो गिद्ध र डङ्गर गिद्धको सङ्ख्यामा पनि सामान्य वृद्धि भएको पाइएको छ । राज गिद्ध यथास्थितिमा छ भने हिमाली गिद्ध घटेको अध्ययनले देखाएको छ । सरकारले गिद्ध संरक्षणका लागि 'गिद्ध संरक्षण कार्ययोजना २०२३-२०२९' लागू गरेको छ । साथै देशभरका चरा तथा वन्यजन्तु संरक्षणमा लागिपरेका सङ्घसंस्थाले विविध कार्यक्रम आयोजनागरी अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवस मनाएका छन् ।

सरकारले विसं २०६३ देखि गिद्धलाई अति हानिकारक मानिएको 'डाइक्लोफेनेक' (पशुको उपचारमा प्रयोग गरिने औषधि) प्रतिबन्ध लगाएसँगै गिद्धको सङ्ख्या क्रमिक रुपमा वृद्धि हुँदै गएको घिमिरेले जानकारी दिनुभयो । सिनोमा हुने विषादी, हाइभोल्टेज तथा बिजुलीका तारमा ठोक्किएर मर्नेक्रम भने लगातार बढी रहेको उहाँले बताउनुभयो । समाजले सन् २०१७ देखि पोखरा आसपासमा गिद्धको सङ्ख्या अध्यावधिक गर्दै आइरहेको छ ।

## गण्डकीका ...

बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने नागरिकहरुलाई विशेष प्राथमिकता दिँदै उद्धार, राहत एवम् पुनस्थापना कार्यक्रम मन्त्रालयले संचालन गरेको छ ।

क्यान्सर उपचार सहायता कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट उपलब्ध हुने सहायता रकमका अलावा गण्डकी प्रदेश सरकारले विरामीलाई एक लाख रुपैयाँ बराबरको उपचार गराउने गरि विभिन्न अस्पतालहरुसँग सम्झौता गरेको बताए ।

बेनी, पर्वत, लमजुङ, स्याङजा, दमौली, गोरखा, मुस्ताङ र मध्यविन्दु अस्पतालको ओपोडी सेवालाई विस्तार गरिएको जनाए । गर्भवती महिलालाई स्वास्थ्य संस्थामा आउँदा वा समुदायमै महिला सामुदायिक स्वयंसेविका मार्फत विद्युतीय प्रणालीमा दर्ता गर्ने गरी पूर्ण संस्थागत सुत्केरी प्रदेश अभियान संचालनमा ल्याइएको उनले उल्लेख गरे । क्षयरोग जस्ता विभिन्न सर्ने रोगहरू एवं उच्च रक्तचाप, मधुमेह, क्यान्सर जस्ता विभिन्न नसर्ने रोगको समुदायस्तरमा परीक्षण गरी समयमै निदान गर्ने गरी विशेष स्क्रिनिङ कार्यक्रम संचालनमा गरिएको उनले बताए ।

# सामुदायिक वगरमा स्वागत तथा विदाई

पोखरापत्र संवाददाता
पोखरा, २३ भदौं

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा पोखरा-१ वगरले स्वागत तथा विदाई कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा इलाका प्रहरी कार्यालय कोहलपुर वाके अपराध नियन्त्रण शाखाबाट सरुवा भई वडा प्रहरी कार्यालय वगरमा आउनुभएका प्रहरी निरिक्षक देवराज भट्टराईलाई एक कार्यक्रमका वीच स्वागत गरिएको थियो ।

त्यसैगरी वडा प्रहरी कार्यालय वगरकबाट सरुवा भई नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय तनहु जान लाग्नुभएका प्रहरी निरीक्षक वोधराज रेग्मीलाई विदाई गरिएको थियो ।

कार्यक्रममा बोल्दै वडा प्रहरी कार्यालय वगरका प्रमुख प्रहरी निरिक्षक देवराज भट्टराईले अपराध अनुसन्धान र कानुन कार्यान्वयमा आफू कहिल्यै नचुक्ने बताउनुभयो । 'प्रहरीको काम समाजमा हुने अपराधिक घटनालाई हटाउदै कानुन कार्यान्वयन गर्ने रहन्छ' भट्टराईले भन्नुभयो,' यहाँको सामुदायिक



प्रहरी सेवा सगको समन्वयमा काम गर्ने आफू लागि पर्ने छु ।' नागरिक र प्रहरी वीचको सम्वन्धलाई सुमधुर बनाउनका लागि आफू सधै लागि पर्ने उहाँको भनाई थियो ।

प्रहरी निरीक्षक वोधराज रेग्मीले यहाँका नागरिक र समुदायको सहयोगको कारण नै वगर वसाई सफल भएको महशुस गरेको बताउनुभयो ।

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरकी संस्थापक अध्यक्ष सीता गुरुङले विकृति रहित समाज निर्माणमा सहकार्य गरेर अगाडि बढ्ने बताउनुभयो ।

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरका अध्यक्ष रामप्रसाद अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा महनगर पालिका वडा नं. १ का वडा सदस्य जुमकाजी गुरुङ, सामुदायि प्रहरी सेवा वगरका पूर्व अध्यक्ष तथा सल्लाहकार पुरुषोत्तम श्रेष्ठ, पूर्व अध्यक्ष तथा सल्लाहकार जीवन अधिकारी, निवर्तमान अध्यक्ष रामभुषण पराजुली, कोषाध्यक्ष कृष्णबहादुर तामाङले बोल्नुभएको थियो ।

## मुग्लिन... ...

पर्यटकको आवागमनको कारण सडकमा चाप बढ्ने भएकाले मुग्लिन-पोखरा सडक योजना (पश्चिम खण्ड) मा वर्षातले बिगारेको सडक क्षेत्रमा खाल्टाखुल्टी पुर्ने लगायतका निर्णय गरिएको छ । बत्ती काट्ने समयको सूचना प्रकाशन गरी पोखरा-भरतपुर भूमिगत विद्युतिकरण आयोजनाको तर्फबाट पोखरा अन्तराष्ट्रिय विमानस्थलको प्रवेशद्वारादेखि सेती नदीको पुलसम्म बिजुली तार भूमिगत गर्ने काम यही भदौ मसान्तसम्ममा सम्पन्न गर्ने र तत्पश्चात आयोजनाको तर्फबाट उक्त क्षेत्रमा यथाशिघ्र न्यूनतम दुई लेन सडक निर्माणकार्य सम्पन्न गर्ने गराउने लगायतका निर्णय गरिएको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# स्याङ्जामा डेंगु संक्रमण बढ्ने खतरा

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २३ भदौं

स्याङ्जामा डेंगुको सङ्क्रमण बढ्न थालेको छ। पछिल्ला केही दिनहरूमा डेंगुसँग मिल्दो लक्षण भएका बिरामीहरूको संख्या बढेको जिल्लाका अस्पतालहरूले जनाएका छन्।

साउनमा ८२ जनामा डेंगु संक्रमण भएकोमा भदौको तेस्रो हप्ता सम्म आइपुग्दा ५३ जनामा डेंगु संक्रमण देखिएको जिल्ला स्वास्थ्य कार्यालय स्याङ्जाका प्रमुख केशव चापागाईँले जानकारी दिए। अहिले सम्म १५३ जनामा डेंगुबाट संक्रमित पुष्टि भएको उनले बताए। डेंगुको संक्रमण अझै फैलिन सक्ने अनुमान गरिएको छ।

डेंगु संक्रमणको परीक्षणको दायरा बढाइएकाले सङ्क्रमित बढी भेटिएको स्वास्थ्य कार्यालयको भनाई छ। शंकास्पद बिरामीलाई अनिवार्य रूपमा परीक्षण गरिँदै आएको छ। जिल्ला स्वास्थ्य कार्यालय, गह्रौं प्राथमिक अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरूमा उपचारका लागि पुग्ने बिरामीहरूमा डेंगुको लक्षण देखिएको पाइए तत्कालै परीक्षण गर्ने गरिएको चापागाँईले बताए। डेगुको सङ्क्रमण बढ्न थालेपछि विभिन्न पालिकाहरूले यसको नियन्त्रणका लागि अभियान समेत सुरु गरेका छन्।

सङ्क्रमणबाट बच्नका लागि पानी जम्ने स्थानहरू सफा गर्ने, औषधी छर्ने लगायतका काम सुरु गरिएको भीरकोट नगरपालिका प्रमुख गोविन्दकुमार कर्माचार्यले बताए। भीरकोटमा अहिले सम्म २२ जनामा डेंगु संक्रमण देखिएको छ। संक्रमणको दर बढ्न सक्ने तर्फ सचेत बन्दै नगरभित्र सचेतनाका कार्यक्रमहरु संचालन गरेको कर्मचार्यले बताए।

स्याङ्जामा सबैभन्दा बढी स्याङ्जा अस्पतालमा उपचार गर्न आएका बिरामीहरुमा डेंगु रोग देखिएको स्वास्थ्य कार्यालय स्याङ्जाले जनाएको छ। स्वास्थ्य कार्यालय स्याङ्जाका डेंगु संक्रमण रोग सम्वन्धी फोकल पर्सन पृथ्वी प्रसाद लामिछानेका अनुसार जिल्ला अस्पतालमा अहिले सम्म ३० जना बिरामीमा डेंगु संक्रमण देखिएको बताए। डेंगु संक्रमण बढ्न नदिन सबै पालिकाका स्वास्थ्य शाखाहरुलाई निर्देशन सहित परिचालित हुन अनुरोध गरेको उनले बताए। बर्षाद बन्द भएर चर्को घाम लाग्ने बित्तिकै डेंगु संक्रमण बढ्न सक्ने भएकाले सबै सचेत रहन उनले आग्रह समेत गरेका छन्। यसै गरी स्याङ्जाका ११ पालिका मध्ये सबैभन्दा धेरै चापाकोट नगरपालिकामा डेंगु संक्रमण देखिएको छ। अहिले सम्म चापाकोटमा ३० जनामा डेंगु संक्रमण भएको पुष्टि भएको छ। चापाकोट पछि भीरकोट नगरपालिका डेंगु संक्रमण देखिनेमा दोस्रो स्थानमा रहेको छ। स्वास्थ्य कार्यालय स्याङ्जाले दिएको जानकारी अनुसार वालिङमा १६, कालीगण्डकीमा १६, पुतलीबजारमा ९, बिरुवामा ४, गल्याङमा ३, अर्जुनचौपारीमा ३, आँधीखोलामा १ र हरिनासमा १ जनामा संक्रमण पुष्टि भएको छ। अहिले सम्म फेदिखोला गाउँपालिकामा डेंगु संक्रमण फेला नपरेको बताइएको छ।

स्वास्थ्य संस्थाहरूलाई उच्च सतकर्ताका साथ राख्दै नागरिकलाई सचेत पार्ने काम सुरु गरिएको गल्याङ नगरपालिकाले जनाएको छ। नगरप्रमुख गुरु प्रसाद भट्टराईका अनुसार यो सम्बन्धी सूचना प्रवाह, शङ्कास्पद बिरामीलाई प्राथमिकताका साथ परीक्षण र उपचार गरिँदै आएको बताए। यता वालिङ नगरपालिकाले पनि विद्यालय स्तरमै डेंगुको सचेतना सम्वन्धी कार्यक्रम गरिदै आएको स्वास्थ्य शाखा प्रमुख कमल प्रसाद पाण्डेले बताए। वालिङमा देखिएको संक्रमण बाहिर गएर आएकाहरुमा मात्रै देखिएको बताए।

संक्रमण देखिएका बिरामीलाई घरबाट बाहिर ननिस्कन र झुलको प्रयोग गरेर बस्न अनुरोध गरेको पाण्डेले बताए। बिभिन्न सामाजिक संजाल पत्रपत्रिका, रेडियो, टेलिभिजन लगायत संचार माध्यमबाट पनि डेंगु संक्रमणबाट बच्ने र रोकथाम हुने उपायका बारेमा सचेतना दिदै आएको पाण्डेले बताए। घरवरीपरी सफा राख्ने, पानी जम्न नदिने लगायतका कार्यहरु गर्न स्वास्थ्य कार्यालयले अनुरोध गरेको छ। डेंगुको संक्रमण कार्तिक महिना सम्म रहन सक्ने हुनाले अझै सजग रहन अनुरोध गरिएको छ।

# मुस्ताङमा वन्यजन्तुसँगै रमाउन थाले पर्यटक

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ भदौं

मुस्ताङ भन्ने बित्तिकै धेरैले मुक्तिनाथ मन्दिर, कागबेनी, दामोदरकुण्ड, लोमान्थाङ, जोमसोम, लेते, मार्फालगायत स्थान, तालतलैया, हिमाल, मौलिक कला, संस्कृति र अनि पृथक भूगोलको दृश्यको कल्पना गर्दछन्।

प्रकृति, संस्कृति, उजाड भूगोल र हिन्दू तथा बौद्ध धर्मावलम्बीको साझा तीर्थस्थल, ऐतिहासिक दरबार, गुम्बा, नदी, तालतलैया, हिमाली जीवनशैली, तालतलैया र गुफा रहेको मुस्ताङमा पछिल्लो समय दुर्लभ वन्यजन्तुहरूको सहजै देखिन थालेपछि अर्को आकर्षण थपिएको छ। लोमान्थाङ गाउँपालिका-५ लोमान्थाङका वडा सदस्यसमेत रहनुभएका पर्यटन व्यवसायी छेवाङ रिनजिन गुरुङले जोमसोम-कोरला सडक आसपासकै क्षेत्रमा दुर्लभ वन्यजन्तु देखिन थालेका बताउनुभयो। लोमान्थाङ-जोमसोम सडकमा यात्रा गर्न क्रममा गुरुङले बिहीबार गाडी र मानिसहरू छेउमै भए पनि नाउरहरू चरिरहेको देखेर पर्यटक दङ्ग परेका बताउनुभयो। लो-घेकर दामोदरकुण्ड गाउँपालिका-४ घाराका पेमाछिरिङ गुरुङले दामोदरकुण्डदेखि घारा आउने क्रममा बिहीबार पाँच ठाउँमा नाउरको बथान देखेको बताउनुभयो। "दामोदरकुण्ड तीर्थयात्राका क्रममा देखिने नाउरका बथानले पाहुनालाई लोभ्याएका छन्," घोडाबाट तीर्थयात्रीलाई घारादेखि दामोदरकुण्ड लैजाने र ल्याउने गर्दै आउनुभएका पेमाले भन्नुभयो, "दामोदरकुण्ड पारिको पाखा, सन्ताउन्नको डाडा, खेता क्षेत्रमा नाउरका बथान जहिले पनि भेटिन्छन्।" समुन्द्री सतहदेखि पाँच हजार मिटर उचाइमा रहेको दामोदरकुण्ड नजिकैको पाखामा तिब्बती ज्याजल, फ्याउ मुसा, वनखरायो, हिउँ चितुवा, ब्याँसो, नाउर, रातोभालुलगायत वन्यजन्तु भेटिने पेमाले बताउनुभयो। दामोदरकुण्डसँगै कोरला नाका, छोसेरको झोङ गुफा, समर, भेनाको पहाड, साङ्ता जाने सडक र पदमार्गको छेउछाउमै वन्यजन्तु देखिन थालेका छन्। तनहुँका दुलेगौडाका सुरेश भट्टराईले यात्राकै क्रममा जङ्गली जनावरहरू देख्न पाएकामा दङ्ग परेको बताउनुभयो। समुदायमा वन्यजन्तुको चेतनास्तरको विकास, संरक्षण शिक्षा र चोरी-सिकारी नियन्त्रणसँगै वन्यजन्तु बढेका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) जोमसोम कार्यालय प्रमुख प्रमोदराज रेग्मीले बताउनुभयो। "विशेष गरेर उपल्लो मुस्ताङका बासिन्दामा संरक्षण क्षेत्रमा आएको जागरण र सचेतनाका कारण बस्ती र सडक छेउछाउमै वन्यजन्तु देखिन थालेका हुन्," उहाँले भन्नुभयो, "तिब्बतसँग सिमाना जोडिएको उपल्लो मुस्ताङमा नयाँ नयाँ प्रजातिका जनावर र पक्षीहरू देखिने भएकाले यस क्षेत्रको अध्यताहरूका लागि धेरै सम्भावना छ।" मुस्ताङमा वन्यजन्तुको संरक्षण र चोरी सिकारी नियन्त्रणका लागि एक्यापले सचेतनामूलक कार्यक्रम गर्दै आएको छ। वन्यजन्तुले पर्यटकलाई आकर्षित गराए पनि किसानलाई भने दुःख दिने गरेको लो-घेकर दामोदरकुण्ड गाउँपालिका-४ याराका किसान लोप्साङ छोप्पेल गुरुङले बताउनुभयो। "ब्वाँसो र हिउँ चितुवाले भेँडाच्याङ्ग्रा मारेर किसानलाई दुःख दिएको छ," उहाँले भन्नुभयो "घुम्ती गोठमा पालिने भेँडाच्याङ्ग्रा र चौँरीलाई ब्यासो र चितुवाबाट बचाउन चुनौती भएको छ।" वन्यजन्तु पीडितलाई राज्यले उपलब्ध गराउने राहत वृद्धि र सहज बनाउनुपर्ने मुस्ताङका किसान बताउँछन्।

# कृष्टिनालाई मिस मगर नेपालको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, २३ भदौं



निट डेन्टल केयर प्रिजेन्ट्स सातौं मिस मगर नेपाल-२०२४ को उपाधि दग्नाम म्याग्दीकी कृष्टिना पुनमगरले जितेकी छिन्।

एसटी क्रियशनको आयोजनामा भएको ग्राण्ड फिनालेमा ११ प्रतिस्पर्धीलाई पछि पार्दै कृष्टिनाले मिस मगर नेपाल-२०२४ को उपाधि जितेकी हुन्। उपाधिसँगै उनले ताज पहिरिइन्। यस्तै नगद रु १ लाख, ट्रफि तथा आकर्षक गिफ्ट ह्याम्पर प्राप्त गरिन्। कृष्टिनाले विधागत तर्फ मोस्ट चार्मिङ अवार्डसमेत हात परिन्। उपाधिसँगै यस्तै बेगखोला म्याग्दीकै आशिका गर्बुजामगर फर्स्ट रनरअप घोषित हुँदै ताजसहित नगद रु ५० हजार प्राप्त गरिन्। साथै आशिकाले मोस्ट इन्टेलिजेन्ट र बेस्ट लिडरसिप अवार्डसमेत प्राप्त गरिन्।। सेकेन्ड रनरअपका रुपमा मुदी म्याग्दीकै नरिशा पुनमगर ताज र नगद रु २५ हजारसहित पुरस्कृत भइन्। उनले फोटो जेनिक अवार्डसमेत प्राप्त गरिन्। थर्ड रनरअपको उपाधि गौशाला महोत्तरीकी रश्मी आलेमगरले हात पारिन् आलेमगरले ताजसहित नगद रु १५ हजार हात पारिन्। रश्मीले विधागततर्फ मोस्ट ट्यालेन्टेड अवार्ड र बेस्ट पर्सनालिटी अवार्डपनि जितिन्। भने, भ्यूअर च्वाइस अवार्डबाट वालिङ स्याङ्जाकी माया दर्लामीमगर ताजसहित नगद रु १० हजारसहित पुरस्कृत भइन् भने उनले मोस्ट फ्रेन्ड्ली अवार्डसमेत हात पारेकी टिम संयोजक प्रियंका गर्बुजामगरले जानकारी दिइन्।उनका अनुसार विधागत अवार्डतर्फ मोस्ट डिसिपिलिन अवार्डबाट जानकी रास्कोटीमगर, बेस्ट ट्रेनी अवार्डबाट तंग्राम बाग्लुङकी अनुजा पुनमगर, बेस्ट क्याटवाक र मोस्ट कन्फिडेन्ट अवार्ड रामेछापकी दिपिका आलेमगरले जितिन्। यसैगरी मोस्ट डेडिकेटेड अवार्डबाट जेलवाङ रोल्पाकी अस्मिता बुढामगर पुरस्कृत भइन्। मोस्ट पपुलर र मोस्ट क्रियटिभ अवार्ड सरिता थापामगरले जितिन्। भने, मोस्ट इन्थुजियास्टिक अवार्ड काठमाण्डौंकी जेरुशा पुनमगरले प्राप्त गरिन्। देशभरबाट कुल ११ जना ग्राण्ड फिनालेमा प्रवेश गरेका थिए। पोखरा ग्राण्डमा शनिबार भएको ग्राण्ड फिनालेको प्रस्तुतीको आधारमा निर्णायकहरुले अन्तिम नतिजा प्रस्तुत गरेको कार्यक्रमका निर्देशक सुरज थापाले जानकारी दिए। उनका अनुसार ग्राण्ड फिनालेको प्रमुख निर्णायकमा वरिष्ठ अधिवक्ता सुरेन्द्र थापामगर थिए। भने, अन्य निर्णायकहरुमा थमनसिंह थापा, जेनिता थापामगर, हर्क आलेमगर र शान्ति श्रीसमगर र निर्णायक संयोजकमा उमेश दर्लामीमगर रहेका थिए। ग्राण्ड फिनालेको अवसरमा यही असोज ३ गतेदेखि देशभर एकसाथ प्रदर्शनमा आउने समगर समुदायम आधारित चलचित्र खुस्माका नायक धिरज मगर, नायिका उपासना सिंह ठकुरी र निर्देशक अशोक थापामगर लगायतके सहभागिता रहेको थियो।

उक्त प्रतियोगितामा सुस्मिता पुनमगर, विनु रानामगर, दिवा पाइजामगर, कविता थापामगर, दिक्षा थापामगर र उमा पुनमगरको कोरियोग्राफी रहेको थियो।

# बागलुङका एक हजार तीन सय घर बिजुलीविहीन

**पोखरापत्र संवाददाता**
बागलुङ, २३ भदौं

पहिरोले विद्युत् आयोजनाको नहर बगाएपछि निसीखोला गाउँपालिकाका एक हजार तीन सय १३ घरमा विद्युत् आपूर्ति बन्द भएको छ। निसीखोला गाउँपालिका-४ जैथुम्कामा रहेको एक सय २० किलोवाट क्षमताको निसीखोला दोस्रो जलविद्युत् आयोजनाको ३५ मिटर नहर पहिरोले बगाएपछि तीन दिनदेखि बिजुली उत्पादन बन्द भएको हो। आयोजनाबाट उत्पादन बन्द भएसँगै सो बोहोरागाउँ, थापागाउँ, झिवाखोला, छापाखानी, धाराखर्क, दुवाँखोर, ओखेनी, जिरी, झिम्पा, बडाचौरलगायत ठाउँमा विद्युत् आपूर्ति बन्द भएको निसीखोला दोस्रो लघुजलविद्युत् आयोजनाका प्रबन्धक चिरञ्जीवी पौडेलले जानकारी दिनुभयो।


## हार्दिक समवेदना



**जन्मः २००१/०४/१८ गते**

**स्वर्गारोहणः २०८१/०५/१८ गते**

**स्व. बुद्धलक्ष्मी बज्राचार्य**

**श्री सूर्य विनायक सि:गुठीका सदस्य बगालेटोल, सिद्धार्थचोक निवासी प्रदीप बज्राचार्य र शुभचिन्तक सुरेन्द्र बज्राचार्य, कविन्द्र बज्राचार्य, प्रकाश बज्राचार्य, प्रविण बज्राचार्यको ममतामयी माता बुद्धलक्ष्मी बज्राचार्यको ८० वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं। उहाँको स्वर्गारोहण भएको आज सातौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।**

**तेजमान बुद्धाचार्य**
**नायों एवम्**
**श्री सूर्य विनायक सि: गुठी परिवार**
**पोखरा, कास्की**



पान नं.: ३०२८४७४७५ दर्ता नं.: १७५-२०५६/०५७

## युनाइटेड नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

UNITED NEPAL MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD.

**पोखरा महानगरपालिका-१०, रक्षा मार्ग, कास्की, गण्डकी प्रदेश**

**फोन नं.: ०६१-५७१०१०, ५८९९६४, Email: unitednepal.mcos@gmail.com**

**१८ औं वार्षिक साधारण सभा तथा छैठौं अधिवेशनमा उपस्थित हुने सम्बन्धमा**

(प्रथम पटक प्रकाशित मिति २०८१/०५/२४)

प्रस्तुत विषयमा यस संस्थाको विनियमको दफा २९ उपदफा १ बमोजिम मिति २०८१/०५/०४ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार संस्थाको १८ **औं वार्षिक साधारण सभा तथा छैठौं अधिवेशन** निम्न मिति, समय र स्थानमा तपशिल प्रस्ताविक विषयहरु उपर छलफल गरि निर्णय गर्नुपर्ने भएकोले, यहाँहरुको अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ।

**छलफलका विषयहरु :**

१) संचालक समितिको तर्फबाट अध्यक्षद्धारा आ.व.२०८०/०८१ को प्रतिवेदन प्रस्तुत, छलफल तथा पारित सम्बन्धमा।
२) आ.व.२०८०/०८१ को सचिवको प्रतिवेदन प्रस्तुत, छलफल र पारित सम्बन्धमा।
३) कोषाध्यक्षद्धारा आ.व.२०८०/०८१ को आर्थिक प्रतिवेदन र आ.व.२०८१/०८२ को भावीबजेट प्रस्तुत तथा पारित सम्बन्धमा।
४) आ.व.२०८०/०८१ को लेखा समितिका संयोजकको प्रतिवेदन प्रस्तुत सम्बन्धमा।
५) आ.व. २०८१/०८२ का लागी लेखा परीक्षक नियुक्ति र पारिश्रमिक सम्बन्धमा।
६) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गरी निर्णय प्रमाणित गर्ने शेयर सदस्य मनोनयन सम्बन्धमा।
७) आगामी कार्यकालका लागी सञ्चालक समिति र लेखा समितिको निर्वाचन सम्बन्धमा।
८) शेयर लाभांशको अनुमोदन सम्बन्धमा।
९) विविध।

**कार्यक्रम :**

**मिति : २०८१ साल असोज १७ गते बिहीबार**
**समय : बिहान ८ : ३० बजे**
**स्थान : यु एण्ड मि रेष्टुरेण्ट एण्ड बार, बुद्धचोक, पोखरा**

नोटः १) निर्वाचनसँग सम्बन्धित मिति, समय, तालिका तथा सम्पूर्ण कार्यक्रमहरु निर्वाचन उपसमितिको निर्णयानुसार साधारण सभाको १ हप्ता पहिले संस्थाको सूचना पार्टिमा टाँस गरिनेछ।
२) कार्यक्रममा शेयर सदस्य स्वयम् उपस्थित भएमा मात्र यातायात खर्च प्रदान गरिने छ।

कमला गुरुङ
सचिव